# प्रेस विज्ञप्ति

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरु मध्ये बुदाँ नं ४२ मा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सट्टेबाजी एप (Betting App) र त्यस सम्बन्धी वेवसाइट २४ घण्टाभित्र बन्द गर्ने" उल्लेख भए बमोजिम यस मन्त्रालयको मिति २०८२।१२।१५ को माननीय मन्त्रीस्तरको निर्णयानुसार नेपाल दूरसञ्चार प्राधिकरणलाई इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा कुनै पनि विद्युतीय माध्यमबाट हुने सट्टेवाजी लगायतका एप तथा वेवसाइट तत्काल बन्द गर्न निर्देशन भई हाल पहिचान भएका सबै सट्टेबाजी एप र वेवसाइटहरू बन्द गरिएको छ ।

यस सम्बन्धमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) बमोजिम कसैले सट्टावाजी गर्नु वा गराउनु हुदैन भन्ने प्रावधान रहेको सो उलङ्घन गरेमा सोही दफाको उपदफा (६) बमोजिम कसूरमा प्रयोग भएको विगो जफत गरी कसूर गर्ने व्यक्तिलाई एक बर्षसम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना हुनेछ व्यवस्था रहेको छ । त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ को दफा ५ को उपदफा १ को (ख) मा समेत जुवा खेल्न खेलाउन वा प्रचलित कानुन बमोजिम अनुमति नलिएको चिठ्ठा किन्न तथा किनाउन प्रोत्साहन गर्ने विषयमा विज्ञापन गर्न नहुने व्यवस्था रहेको र सो विपरित कसैले कसूर गरेमा कसूर गर्ने गराउनेलाई कसूर गरे वापत प्रचलित कानूनले कुनै सजाय हुने रहेछ भने सो बमोजिम सजाय गर्ने र सो नभएमा एक वर्षसम्म कैद र दश हजार रुपैंयासम्म जरिवाना हुने व्यवस्था रहेको छ । प्रस्तुत कानूनी व्यवस्थाका विपरित हुने गरी नेपालभर सट्टेवाजी एप (Betting App) र त्यस सम्बन्धी वेवसाइट सञ्चालन तथा प्रयोग नगर्न नगराउनु हुन अनुरोध छ । साथै, कसैले अनाधिकृत रुपमा सट्टेबाजी एप र वेवसाइट प्रयोग गरेमा वा सञ्चालन गरेमा प्रचलित कानून बमोजिम साधिकार निकायबाट कडा कारवाही हुने व्यहोरा समेत अनुरोध छ ।

उल्लिखित कानूनी व्यवस्था विपरित सट्टेबाजी एप वा वेवसाइट सञ्चालन वा प्रयोग गरेको थाहा पाउनुभएमा देहायको सम्पर्क व्यक्तिलाई फोन नं. वा इमेलमार्फत जानकारी गराइदिनुहुन समेत सबैमा अनुरोध छ ।

उदय बहादुर रानामगर
सहसचिव एवं प्रवक्ता

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं
२०७४

सम्पर्क व्यक्तिः सूर्य प्रसाद लामीछाने, उपनिर्देशक, नेपाल दूरसञ्चार प्राधिकरण,
सम्पर्क नं. तथा इमेलः ९८५११५३७९३, splamichhane@nta.gov.np

CamScanner